भीरकोट नगरपालिकाका नगर प्रमुख श्री छायाराम खनालले
प्रथम नगरसभा अधिवेशनमा प्रस्तुत गर्नु भएको
आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम

नगर सभाबाट स्वीकृत मितिः २०७४/०३/२७

आदरणीयः

- नगरकार्यपाललिकाको निमन्त्रणालाई स्वीकार गरि भीरकोट नगरपालिकाको प्रथम नगर सभा समुदघाटन समारोहमा उपस्थित हुनु भएका माननीय शिक्षामन्त्री श्री गोपालमान श्रेष्ठज्यू, माननीय सांसद तथा नेपाली काग्रेसका केन्द्रिय सदस्य श्री धनराज गुरुङ्गज्यू, माननीय सभासद श्री कमल पंगेनीज्यू, माननीय सांसद टेकु नेपालीज्यू, पूर्व सांसद श्री खगेन्द्र राज रेग्मीज्यू यस नगरपालिकाका उपप्रमुख श्री सिमा के सी कर्माचार्यज्यू, नगरपालिकाका कार्यकारी अधिकृतज्यू नगरपालिकाका वडा अध्यक्षज्यूहरु, यस नगरपालिका भित्रका विभिन्न राजनीतिक दलका अध्यक्ष तथा प्रतिनिधिज्यूहरु नगरकार्यपालिकाका नगरसदस्यज्यूहरु, भीरकोट उद्योग बाणिज्य संघका अध्यक्षज्यू, यस नगरपालिका भित्रका क्याम्पस तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्राधानाध्यापकज्यूहरु, विभिन्न संघ संस्थाबाट उपस्थित माहानुभावहरु, विभिन्न संचार माध्यमहरुबाट पाल्नु भएका पत्रकार मित्रहरु, नगरपालिका तथा अन्य विषयगत कार्यालयमा कार्यरत कर्मचारी, सुरक्षाकर्मी तथा उपस्थित अन्य पदाधिकारीज्यूहरुमा सर्वप्रथम यस गरिमामय सभामा यहाँहरुलाई हार्दिक रुपमा स्वागत गर्दछु । अव म भीरकोट नगरकार्यापालिकाको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- नेपाली जनता र राजनीतिक दलको सात दशक लामो चाहना, संघर्ष, बलिदान पूर्ण इतिहास र हजारौ शहिदहरुको बलिदान पश्चात नेपालको इतिहासमा पहिलो पटक संविधान सभाबाट जारी भएको संविधानले गरेको व्यवस्था बमोजिम भएको स्थानीय तह निर्वाचन, २०७४ बाट गठित यस गरिमामय सभामा भीरकोट नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा मलाई खुशी लागेको छ । यस अवसरमा मुलुकलाई यस अवस्थामा ल्याउनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका ऐतिहासिक आन्दोलन र ती आन्दोलनमा साहदत प्राप्त गर्ने ज्ञात अज्ञात सम्पूर्ण शहिदहरुको बलिदान, त्यागप्रति उच्च सम्मान प्रकट गदै उहाँहरु प्रति हार्दिक श्रद्रान्जली व्यक्त गर्न चाहन्छु ।

- नेपाली जनताको लामो संघर्षबाट संविधान सभाबाट जारी भएको संविधानको व्यवस्था बमोजिम निर्वाचित यस गरिमामय सभालाई भीरकोट नगरपालिकाको समानुपातिक, समावेशि, भेदभाव रहित तथा नवीनतम विकास गर्ने अवसर र चुनौति हामीलाई प्राप्त भएको छ ।

- विगत १५ वर्ष देखि स्थानीय निकायहरु जनप्रतिनिधि विहिनरुपमा संचालनमा रहेकाले आफ्नो क्षमता र सम्भावनाको पहिचान गरी सोही अनुरुप विकासको गति द्रुत रुपमा अगाडी बढन नसकेको

अवस्थामा स्थानीय तह निर्वाचन २०७४ को निर्वाचन पश्चात भीरकोट नगरपालिकाको विकासको जिम्मेवारी यस गरिमामय सभालाई प्राप्त भएको अवसरलाई मध्ये नजर गर्दै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने व्यवस्था मिलाईएको छ ।

- नेपालको संविधान बमोजिम नगरपालिकालाई प्राप्त अधिकारहरु संस्थागत गर्नका लागि आवश्यक पर्ने ऐन, नियम तथा कानूनहरुको तर्जुमा गरी संविधान प्रद्धत अधिकार प्राप्तिको प्रत्याभुति हुनेगरी त्यस्ता कानूनहरु कार्यान्वयन गर्दै लगिनेछ । संघ, प्रदेशसंगका साझा अधिकारका सुचि मा उल्लेखित विषयसंग सम्बन्धित तर्जुमा गर्नु पर्ने कानूनका सम्बन्धमा सम्बन्धित निकायसंग समन्वय गरि तर्जुमा गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

- तत्कालका लागि स्थानीय तहको कार्य संचालन तथा व्यवस्थापन गर्नका लागि नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्धारा जारी गरिएको निर्देशन, ऐन, कानून तथा नियमावलीलाई आधारमानी कार्यापालिकबाट स्वीकृत गर्न सकिने कानून नगरकार्यापालिकाको वोर्ड बैठकबाट स्वीकृत गरी सोही अनुरुप कार्य सम्पादन गर्ने व्यवस्था मिलाइएकको छ । नगर सभाबाट पास हुनु पर्ने कानूनहरु यस सम्मानीत सभामा पेश गरि स्वीकृत गराउने व्यवस्था मिलाइएको छ ।

- नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी भएको आदेश, नगरपालिकाको आन्तरिक स्रोत, नेपाल सरकारबाट यस नगरपालिकाको नाममा आएको अख्तियारी रकमलाई आधार मानी यस आर्थिक वर्षमा नगर क्षेत्रमा संचालनमा रहेका कार्यक्रमहरुलाई आवश्यकताका आधारमा निरन्तरता दिइनेछ ।

- नगरपालिकाकको विकासलाई अगाडी बढाउनका लागि न्यूनतम रुपमा हुनुपर्ने भौतिक पूर्वाधारहरु जस्तोः नगरपालिकको आफ्नै जग्गा/भवन, नगरक्षेत्रको लागि आवश्यक पर्ने बसपार्क, सिटिहल, फोहोरमैला व्यवस्थापन केन्द्र (ल्याण्डफिल्ड साइड) लगायतका पूर्वाधार निर्माण र नगरपालिकामा कार्यरत जनशक्ति तथा निर्वाचित पदाधिकारीहरुको क्षमता अभिवृद्धी गर्ने कार्यहरुलाई पहिलो प्राथमिकता दिई कार्यक्रम संचालन गरिनेछ ।

- नगरपालिकको आय व्ययलाई व्यवस्थित तथा प्रभावकारी बनाउनका लागि एकिकृत सम्पत्तीकर सम्बन्धी निर्देशिका तयारी लगायतका सम्पूर्ण कार्य आर्थिक वर्ष २०७४/०७५ भित्र सम्पन्न गरी आर्थिक वर्ष ०७५/०७६ देखि लागु गर्ने व्यवस्था मिलाइनेछ ।

- नगरपालिका क्षेत्रमा रहेका ऐतिहासिका, साँस्कृतिक, धार्मिक, पर्यटिकय तथा प्राकृतिक सम्पदाहरुको स्रोत नक्शा तयार गरी त्यसको संरक्षण र प्रवर्द्धनका लागि दीर्घकालिन गुरु योजना तयार गर्ने कार्य प्रारम्भ गर्ने व्यवस्था मिलाइनेछ ।

- नगर क्षेत्रको वस्ति विकास कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन वस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड अनिवार्यरुपमा लागु गरिनेछ । निर्माण भै सकेका बस्तीहरुलाई नियमानुसार व्यवस्थित गर्दै लगिनेछ ।

- वि.स. २०७२ सालको भुकम्पबाट प्रभावितहरुलाई राहत र पुनःनिर्माणको कार्यलाई थप प्रभावकारी बनाउनका लागि सम्बन्धित निकायहरुसंग आवश्यक पहल र प्रयास गरिनेछ ।

- यस नगरपालिकाको आर्थिक, सामाजिक तथा शैक्षिक अवस्था, सास्कृतिक तथा पर्यटकीय स्थलहरु, महिला,, पुरुष, बालबालिका, फरक क्षमता भएका व्यक्ति, दलित, आदिवासी/जनजाती, खोलानाला, बनजङ्गल, नगरपालिका भित्रका बस्ती टोल, घरधुरी संख्या, विभिन्न उमेर समूहका जनसंख्याको विवरण, रोजगारीको अवस्था, जातजातिहरुको भाषिक तथा साँस्कृतिक विवरण र नीजि तथा सार्वजनिक जग्गाको विवरण सहितको यर्थाथ अवस्था खुल्ने स्रोत नक्शा तयार गरिनेछ ।

- नगरपालिक तथा वडा कार्यालयहरुको नाममा रहेका चल अचल सम्पत्ति विवरण संकलन गरी अद्यावधिक गरिनेछ ।

- नगरपालिकालाई खाद्यन्न तरकारी तथा पशुजन्य उत्पादनमा (दुध, मासु) आत्मनिर्भर बनाउनका लागि व्यवसायिक कृषि तथा पशुपालन व्यवसायलाई क्रमश व्यवसायिक फार्मका रुपमा अगाडी बढाउनका लागि आवश्यक पर्ने तालिम/क्षमता अभिवृद्धी, आधुनिक उपकरणको उपलब्धता, बजार व्यवस्थापन, मलखाद, बीउ बिजन, सिचाई र प्राविधिक सहयोगको उपलब्धतालाई सुनिश्चित गरिनेछ ।

- कृषिजन्य उत्पादनको व्यवस्थित विक्रि वितरणका लागि कृषि उपज संकलन केन्द्र र हाटबजारको व्यवस्था गर्ने प्रबन्ध मिलाइने छ ।

- नगर क्षेत्रमा आर्थिक, सामाजिक तथा अन्य कारणले पछि परेका समूह/व्यक्तिहरुलाई न्युनतमरुपमा जिविकोपार्जनका लागि चाहिने कृषि तथा पशुपालनसंग सम्बन्धित बीउ बीजन लगायतका आवश्यक सामाग्री, ऋण तथा अनुदानलाई सर्वशुलभरुपमा उपलब्ध गराइनेछ ।

- नगरपालिका क्षेत्रमा रहेका व्यवसायिक कृषि उत्पादनको सम्भावना भएका खेतियोग्य जमिनहरु वयरघारी, दासिङ्ग, दहथुम, पकान, लुब्दीखोला, बलमाटा लगायतका खेतीयोग्य फाँट/जमिनमा वर्षभरि सिचाईको सुविधा पु-याउनका लागि आवश्यक पहल गरिनेछ ।

- नगरपालिका क्षेत्रमा रहेका उत्पादन योग्य जमिनहरु बाझो राख्ने क्रम बढदै गएकोले त्यस्ता जग्गाहरुलाई उपयोग गर्ने उपायको खोजि गर्ने कार्य अगाडी बढाइनेछ ।

- नगरपालिकाको विद्यमान भौगोलिक अवस्था अनुसार कृषि तथा पशुपालन व्यवसायका लागि उपयुक्त क्षेत्रको पहिचान गरि कृषि तथा पशुपालन पकेट क्षेत्र तोक्न आवश्यक पहल गरिनेछ ।

- नगरपालिका क्षेत्रमा आम उपभोक्ताका न्युनतम आधारभुत उपभोगसंग सम्बन्धित उत्पादनजन्य उद्योगहरुको स्थापनाका लागि आवश्यक पहल र सहयोग उपलब्ध गराइनेछ ।

- नगर क्षेत्रमा रहेका परम्परागत हस्तकला तथा घरेलु उझोगबाट उत्पादन हुने वस्तुहरुको संरक्षण र प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ ।

- कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायिकरुपमा अगाडी बढाउनका लागि सहकारी तथा वित्तिय क्षेत्रको विकासका लागि आवश्यक पहल र सहकार्य गरिनेछ ।

- आधिखोला र अन्य खोलाहरुले यस क्षेत्रमा पारेका असरलाई न्युनिकरण गरि खेतीयोग्य जमिनको संरक्षणका लागि आवश्यक पर्ने तटवन्धन निर्माण गर्ने कार्यलाई प्रभावकारी बनाउन यससंग सम्बन्धित राज्यका अन्य निकायहरुसंग आवश्यक समन्वय र पहल गरि नदि नियन्त्रण र भुक्षय रोक्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

- नगरक्षेत्र भित्र रहेका धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सौन्दर्यतायुक्त पर्यटकीय स्थानहरुको पहिचान गरि त्यस्ता पर्यटकिय स्थलहरुको योजनावद्धरुपमा विकास गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

- भीरकोट नगरपालिका भित्रका सम्पूर्ण जातजाति, भाषाभाषि, धर्म, संस्कृतिकका मठ, मन्दिर मदरसा र प्रथा प्रचलनहरुको संरक्षण र सम्बर्द्धनका लागि विशेष व्यवस्था मिलाइने छ ।

- शिक्षाको गुणस्तर वृद्धीका लागि सरकारले विगतमा संचालन गरेका कार्यक्रमहरुलाई सुधार सहित प्रभावकारी बनाउदै लगिनेछ ।

- नेपाल सरकारको आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क गर्ने सरकारको कार्यलाई निरन्तरता दिइनेछ ।

- नगरपालिका क्षेत्रमा संचालनमा रहेका सार्वजनिक/संस्थागत विद्यालय र क्याम्पसलाई गुणस्तरिय शिक्षाका लागि जिम्मेवार बनाउदै निजीस्तरमा संचालनमा रहेका विद्यालयहरुसंग पनि सहकार्य गरिनेछ ।

- विद्यार्थी तथा युवाहरुको शाररिक तथा मानसिक विकास सहित खेलकुद कार्यक्रमलाई प्रर्वद्धन गर्न नगरपालिका भित्रका सम्पूर्ण वडाहरुमा सम्भावनाका आधारमा क्रमश खेलकुद मैदान स्थापना गर्ने

कार्यलाई प्राथमिकता दिइनेछ । खेलकुद कार्यक्रमलाई प्रभावकारी बढाउनका लागि नगरस्तरमा विभिन्न प्रतियोगितात्मक कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

- नगरपालिका भित्र बालमैत्री शासन व्यवस्थालाई प्रभावकारी बनाउन नमूना बालमैत्री क्षेत्र निर्माण गर्ने कार्यको थालनी यसै आर्थिक वर्षदेखि अगाडी बढाइनेछ ।

- नेपाल सरकारद्धारा स्वास्थ्य क्षेत्रमा हालसम्म गरेका प्रयासहरुलाई संस्थागत गर्दै यस नगरपालिका क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गरी स्वास्थ्य सेवालाई सहज र सर्वसुलभ बनाइनेछ ।

- नेपाल सरकारद्धारा विगतदेखि विषयगत कार्यालयहरुबाट संचालनमा ल्याइएका सम्पूर्ण कार्यक्रमहरुलाई आवश्यकता अनुसार परिमार्जन गरि निरन्तरता दिइनेछ ।

- नगरबासीहरुलाई शुद्ध खानेपानीको उपलब्धता सुनिश्चित गर्नका लागि नगर क्षेत्रमा रहेका खानेपानीका स्रोतहरुको पहिचान गरी त्यसको व्यवस्थित र प्रभावकारीरुपमा वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

- नगर क्षेत्रमा आर्थिक तथा सामाजिकरुपमा पछाडी परेका वर्गहरुका साथै असाह्य, फरक क्षमता भएका, वृद्धवृद्धा, महिला, बालवालिकाहरुको विकास र संरक्षण गर्ने कार्यलाई जोड दिइनेछ ।

- नगरपालिका भित्रका सम्पुर्ण बस्तीहरुमा सहजरुपमा आवतजावत गर्न मिल्ने गरी सडक संन्जालको विस्तार तथा निर्माण गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

- नगरपालिका क्षेत्र भित्र रहेका कच्ची सडकहरुलाई क्रमश पक्की सडकमा रुपान्तरण गर्नका लागि त्यस्ता सडकको दाँयाबाँया नाला, कलभर्ट , रिटनिङ्ग वाल क्रस ड्रेनेज निर्माण गर्ने कार्यलाई प्राथमिकता साथ अगाडी बढाइनेछ । यसका साथै सडकहरुको स्तरिकरण गर्नका लागि कच्ची सडकहरुको प्राथमिकिकरण वा वर्गीकरण गरिने व्यवस्था मिलाइनेछ र सडकहरुको निर्माण तथा मर्मत सम्भार गर्दा वातावरणीय असरलाई न्युनिकरण गर्ने व्यवस्था मिलाइनेछ ।

- POLUTRE TO PAY को सिद्धान्तका आधारमा नगर क्षेत्र भित्रको फोहोरमैलाको प्रभावकारी व्यवस्थापन गरि बातावरण संरक्षण गर्ने कार्यलाई जोड दिइनेछ ।

- नगरपालिका क्षेत्रमा बाटोघाटो निर्माण, विस्तार र मर्मत सम्भारका लागि ग्रामिणस्तरमा लोडर डोजर लगायतका हेभि इक्इमेन्ट लैजादा कुन स्थानमा के लागि कति समयसम्म लाने हो त्यसको

जानकारी नगरपालिकालाई दिनु पर्ने व्यवस्था मिलाइनेछ । यस सम्बन्धी व्यवस्था नगरकार्यपालिकाले कार्यविधि बनाई लागु गर्ने व्यवस्था मिलाइने छ ।

- प्राकृतिक प्रकोप लगायतका प्रकोप पिडीतलाई तत्काल राहत दिने व्यवस्था मिलाइनेछ ।

- नगरपालिकाले नगरबासीलाई उपलब्ध गराउने सेवालाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भष्ट्राचारमुक्त, नगरबासीमैत्री, उत्तरदायी र सहभागितामुलक बनाउदै लगिनेछ ।

- नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण स्थानमा इन्टरनेट सुविधाको विकास र विस्तारका लागि सम्भाव्यता अध्ययन गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

- नगरपालिकाबाट संचालन हुने विकास निर्माण लगायतका सम्पूर्ण कार्यक्रमहरु तोकिएको समय सिमा, लागत, परिमाण र गुणस्तरियरुपमा सम्पन्न गर्ने व्यवस्थालाई बाध्यकारी बनाइनेछ ।

- नगरपालिकाबाट संचालन हुने सम्पूर्ण गतिविधिहरु नेपाल सरकारका नीति तथा कार्यक्रम प्रचलित ऐन, नियम, सन्धी, सम्झौताका आधारमा आपसी समन्वय र सहकार्यका आधारमा गरिनेछ ।

- नगर क्षेत्रको वित्तिय व्यवस्थापन प्रभावकारी र चुस्त दुरुस्त बनाउन कर राजश्व गैरकर राजश्व सिफारिश दस्तुर शुल्कहरुलाई पुनरावलोकन गरिनेछ । यस नगरपालिका भित्र संचालनमा रहेका व्यवसायहरुलाई क्रमश करको दायरा ल्याउने कार्यको प्रारम्भ गरिनेछ ।

अन्त्यमा, नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्ने राजनीति दल र तिनका प्रतिनिधि, जननिर्वाचित पदाधिकारीहरु, समाजसेवी, बुद्धिजिवी, नागरिक समाज, नगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारी, आमसंचार कर्मी र सम्पूर्ण भीरकोटबासीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा पनि यस्तै खालको सहयोग समन्वय परामर्श प्राप्त हुने कुरामा हामी विश्वस्त रहेका छौं ।